# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन विभाग

पत्र संख्या :- ८०।८१
चलानी नं. :- १५२३

मिति:२०८०।०८।२५

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
काठमाडौं, नेपाल ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाण्डौं ।

श्री सम्पूर्ण सूचीकृत संगठित संस्थाहरु ।

**विषय: निर्देशन दिईएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकृत संगठित संस्थाको संस्थापक तथा अन्य समूहको शेयरको लक इन (Lock In) अवधि सम्बन्धी व्यवस्था रहेकोमा उक्त व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सर्वसाधारण लगानीकर्ताहरुलाई समेत सो सम्बन्धमा जानकारी प्राप्त हुने व्यवस्था गर्न तथा धितोपत्र बजारमा हुने कारोवारलाई थप व्यवस्थित तथा पारदर्शी बनाउन आवश्यक देखिएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ बमोजिम देहायको व्यवस्था गर्न गराउन नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. र सम्पूर्ण सूचीकृत संगठित संस्थाहरुलाई देहायको निर्देशन दिने बोर्डको निर्णयानुसार अनुरोध गर्दछु ।

१. सम्पूर्ण सूचीकृत संगठित संस्थाले संस्थापक समूह तथा अन्य समूहको शेयरको बिक्री गर्न नपाईने गरी तोकिएको लक इन (Lock In) अवधि समाप्त हुनुभन्दा कम्तीमा ३० (तीस) दिन अगाडि लगानीकर्ता एवं सम्बन्धित सबै सरोकारवालालाई जानकारी गराउन शेयर लक इनमा रहेको वर्ग (जस्तैः संस्थापक, स्थानीय प्रभावित आदि), लक इनमा रहेको कुल शेयर संख्या, लक इन अवधी समाप्त हुने मिति समेत स्पष्टरुपमा खुलाई सार्वजनिक जानकारीको लागि सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने, सो को जानकारी बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि.लाई उपलब्ध गराउनुपर्ने साथै सो सम्बन्धी सूचना तथा जानकारी कम्तीमा जारी भएको मितिदेखि लक इन अवधी समाप्त भए पछिको एक हप्तासम्म सबैले सहजै देख्न सक्नेगरी सम्बन्धित संस्थाले आफ्नो वेवसाईटमा समेत राख्नु पर्ने ।

२. सम्बन्धित सूचीकृत संगठित संस्थाबाट लक इन (Lock In) अवधि समाप्त सम्बन्धी सूचना तथा जानकारी प्राप्त भएपश्चात् नेपाल स्टक एक्सचेञ्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि.ले सो सम्बन्धी सूचना तथा जानकारी कम्तीमा जारी भएको मितिदेखि लक इन अवधी समाप्त भए पछिको एक हप्तासम्म सबैले सहजै देख्न सक्नेगरी वेवसाईटमा राख्नुपर्ने ।

**बोधार्थ :**

श्री सुपरीवेक्षण विभाग
नेपाल धितोपत्र बोर्ड ।

भवदीय,

(अम्बिका प्रसाद गिरी)
उप कार्यकारी निर्देशक


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०९७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np